# नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## सवारी साधन (बस) भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७६/०६/०३

नेपाल राष्ट्र बैंक धनगढी कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नोटकोष तथा भा.रु. कोष रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरुमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत बस भाडामा लिनुपर्ने भएकोले सवारी साधन भाडामा दिन इच्छुक सरकारी वा गैरसरकारी संस्थाको कालोसूचीमा नपरेका बस व्यवसायी फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको धनगढी कार्यालय, धनगढीबाट पछि फिर्ता नहुने गरी रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य हिसाब (२२०००००/०३०-०१२-५२४) मा मिति २०७६/०६/१७ गते सम्म नगद जम्मा गरी खरिद गर्न सकिने छ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन **२०७६/०६/२३** गते (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो **१२:३०** बजेभित्र बैंकको धनगढी कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गरी पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा बिदा परेकोले मिति २०७६/०६/२३ गते **दिउँसो २:०० बजे** दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. सिलबन्दी दरभाउपत्रको मान्य अवधि पैतालिस दिनको हुनेछ । सिलबन्दी दरभाउपत्र साथ विडवण्ड वापत रु. ६०,०००।- **(अक्षरेपी साठी हजार मात्र)** यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (२२०९९९९/०११-०००-५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा पचहत्तर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरिएको हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (तेस्रो संसोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक धनगढी कार्यालय, आन्तरिक प्रशासन फांट (फोन नं. ०९१-५२७७०३) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६. यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ ।